भिमसेनथापा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाख्रोक, गोरखा २०७३

*भिमसेनथापा गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८१ साउन १४ गतेको बैठकको निर्णयहरु:-*

१. प्रस्ताव नं. ०१ माथि छलफल हुँदा, राष्ट्रप्रति सम्मान प्रकट गर्दै राष्ट्रिय गान सहित लोकतन्त्र संघिय शासन प्रणाली, परिवर्तन तथा स्वशासनको लागि विभिन्न समयमा भएको जनयुद्ध र जन आन्दोलनमा सहादत प्राप्त गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली तथा वेपत्ताहरु र घाइतेहरुको स्मरण गरी उच्च सम्मान व्यक्त गर्दै बैठक प्रारम्भ गरियो।

२. प्रस्ताव नं. ०२ माथि छलफल हुँदा, भिमसेनथापा गाउँपालिकाबाट आर्थिक बर्ष २०८०/८१ मा विषयगत शाखा, उपशाखावाट एवं संघीय सरकार तथा प्रदेश सरकारबाट सञ्चालित कार्यक्रम तर्फ सम्पादित भएका कार्यक्रम तथा योजनाहरुको २०८० श्रावण देखि २०८१ आषाढ मसान्त सम्म बार्षिक नीति तथा कार्यक्रम र बजेटले निर्दिष्ट गरे अनुरुप प्राप्त अख्तियारी भित्र रही आफ्नो शाखा/उपशाखा/इकाईबाट संचालन भएको बजेट, योजना तथा कार्यक्रमको कार्यान्वयन सम्वन्धी विषयगत शाखा प्रमुखहरुबाट पेश भएको बार्षिक प्रगति प्रतिवेदन माथि छलफल तथा समिक्षा गरियो। साथै चालु आर्थिक बर्ष २०८१/०८२ मा गरिने भावी योजनाहरु समेत प्रस्तुत गरी सोही बमोजिम कार्यक्रम सञ्चालन गर्ने गरी यथाशिघ्र कार्यान्वयन गर्न सबैलाई निर्देशन दिने निर्णय गरियो।

३. प्रस्ताव नं. ०३ माथि छलफल हुँदा, भिमसेनथापा गाउँपालिकाको गत आ.व २०८०-०८१ को २०८० श्रावण देखि साउन देखि २०८१ आषाढ मसान्त सम्मको तपसिल बमोजिमको आय-व्ययको र सो-को बारेमा समिक्षा गरियो।

लोक प्रसाद बंजारा
अध्यक्ष



Scanned with CamScanner

## भीमसेनथापा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय, गोरखा
कार्यालयको कोड : ८०४३६५०६३००

### आय व्ययको बिबरण

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८१/०३/३१

**आय**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | ४०,८६,४३,०६७.०० | ३७,४१,८५,३९१.३६ | ९१.५७ | ३,४४,५७,६७५.६४ |
| १३३११ समानिकरण अनुदान | १२,६३,००,०००.०० | ११,७४,५९,०००.०० | ९३ | ८८,४१,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | २५,८३,४३,०६७.०० | २४,४०,३६,४३०.३६ | ९४.४६ | १,४३,०६,६३६.६४ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १,१०,००,०००.०० | ३५,०७,३५०.०० | ३१.८९ | ७४,९२,६५०.०० |
| १३३१४ विषेश अनुदान चालु | ५०,००,०००.०० | ४०,३३,२९४.०० | ८०.६७ | ९,६६,७०६.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ८०,००,०००.०० | ५१,४९,३१७.०० | ६४.३७ | २८,५०,६८३.०० |
| प्रदेश सरकार | २,६८,१५,०००.०० | २,००,३४,३५०.०० | ७४.७ | ६७,८०,६५०.०० |
| १३३११ समानिकरण अनुदान | १,७८,१५,०००.०० | १,३३,६१,२५०.०० | ७५ | ४४,५३,७५०.०० |
| १३३१२ शसर्त अनुदान चालु | ३०,००,०००.०० | २८,३४,३१२.०० | ९४.४८ | १,६५,६८८.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ०.०० | ०.०० | ० | ०.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ६०,००,०००.०० | ३८,३८,७८८.०० | ६३.९८ | २१,६१,२१२.०० |
| राजस्व बाडफाड | ९,०१,६५,४००.०० | ७,९२,२०,६७६.२८ | ८७.८६ | १,०९,४४,७२३.७२ |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ५,००,०००.०० | ९,०९,१४६.६० | १८१.८३ | (४,०९,१४६.६०) |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ८,२७,६७,४००.०० | ४,८१,२२,८३७.०५ | ५८.१४ | ३,४६,४४,५६२.९५ |
| ११४२१ बाँडफाँड भ ‍इ प्राप्त हुने अन्त:शुल्क | ०.०० | २,२०,५७,२७८.१० | २२०५७२७८१० | (२,२०,५७,२७८.१०) |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ५८,४८,०००.०० | ५७,०३,०७५.०० | ९७.५२ | १,४४,९२५.०० |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ५०,०००.०० | २८,३३९.५३ | ५६.६८ | २१,६६०.४७ |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १०,००,०००.०० | २४,००,०००.०० | २४० | (१४,००,०००.००) |
| अन्तरिक श्रोत | ११,५३,४५,०६७.०७ | ११,५४,७२,००२.१२ | १००.११ | (१,२६,९३५.०५) |
| ११३१३ सम्पती कर | ५,००,०००.०० | ७,१९,८०८.१९ | १४३.९६ | (२,१९,८०८.१९) |

**व्यय**

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | ४३,००,०८,५३४.०७ | ३७,७६,३९,३९७.७२ | ८७.८२ | ५,२३,६९,१३६.३५ |
| २११११ पारिश्रमिक कर्मचारी | ५,२०,६७,४६७.०० | ४,६०,२४,९२७.७४ | ८८.३९ | ६०,४२,५३९.२६ |
| २१११२ पारिश्रमिक पदाधिकारी | ९६,५५,०००.०० | ९३,६४,०२५.०० | ९६.९९ | २,९०,९७५.०० |
| २११२१ पोशाक | २४,३०,०००.०० | २१,१०,०००.०० | ८६.८३ | ३,२०,०००.०० |
| २११२३ औषधीउपचार खर्च | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| २११३१ स्थानीय भत्ता | ५,२६,०००.०० | ३,१५,६२०.०० | ६० | २,१०,३८०.०० |
| २११३२ महंगी भत्ता | ८,००,०००.०० | ६,५२,०००.०० | ८१.५ | १,४८,०००.०० |
| २११३३ फिल्ड भत्ता | ८,००,०००.०० | ७,९९,९७४.०० | १०० | २६.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | १९,५०,०००.०० | १६,१४,०००.०० | ८२.७७ | ३,३६,०००.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २२,०७,०००.०० | २०,९०,३५८.०० | ९४.७१ | १,१६,६४२.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | २४,००,०००.०० | १९,७५,०३०.०० | ८२.२९ | ४,२४,९७०.०० |
| २१२११ कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| २१२१४ कर्मचारी कल्याण कोष | ५,००,०००.०० | ५,००,०००.०० | १०० | ०.०० |
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | २१,३०,०००.०० | २०,९५,०००.०० | ९८.३६ | ३५,०००.०० |
| २२१११ पानी तथा बिजुली | ५,००,०००.०० | ५,००,०००.०० | १०० | ०.०० |
| २२११२ संचार महसुल | १०,५४,०००.०० | ८,८०,३९८.०० | ८३.५३ | १,७३,६०२.०० |
| २२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| २२२११ इन्धन (पदाधिकारी) | १०,००,०००.०० | ८,३०,०१९.२६ | ८३ | १,६९,९८०.७४ |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ४५,००,०००.०० | ३७,७१,३३२.७२ | ८३.८१ | ७,२८,६६७.२८ |
| २२२१३ सवारी साधन मर्मत खर्च | ३३,००,०००.०० | १७,३४,३९४.०० | ५२.५६ | १५,६५,६०६.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ४०,५०,०००.०० | २४,४२,६०७.०० | ६०.३१ | १६,०७,३९३.०० |

# भीमसेनथापा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, गोरखा
कार्यालयको कोड : ८०४३६५०६३००

### आय व्ययको बिबरण

लोक प्रसाद बजा
अध्यक्ष

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८१/०३/३१

**आय**

| | | | | |
|---|---|---|---|---|
| ११३१४ भुमिकर/मालपोत | ७,००,०००.०० | ६,३४,६७६.६३ | ९०.६७ | ६५,३२३.३७ |
| ११३१७ वहाल कर | ५,००,०००.०० | ५,२१,७२९.३३ | १०४.३५ | (२१,७२९.३३) |
| ११३१८ वहाल विटौरी कर | ५०,०००.०० | २५,२००.०० | ५०.४ | २४,८००.०० |
| ११६३२ अखेटोपहारमा लाग्ने कर | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| १४२२१ न्यायिक दस्तुर | ५०,०००.०० | ०.०० | ० | ५०,०००.०० |
| १४२२४ परीक्षा शुल्क | ५०,०००.०० | २४,३००.०० | ४८.६ | २५,७००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ५०,०००.०० | ३१,२८०.०० | ६२.५६ | १८,७२०.०० |
| १४२४२ नक्सापास दस्तुर | १,००,०००.०० | १,०००.०० | १ | ९९,०००.०० |
| १४२४३ सिफारिश दस्तुर | १२,००,०००.०० | १८,८२,१८०.४६ | १५६.८५ | (६,८२,१८०.४६) |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ३,५०,०००.०० | ४,०८,४०१.०० | ११६.६९ | (५८,४०१.००) |
| १४२४५ नाता प्रमाणित दस्तुर | २,००,०००.०० | ८३,५००.०० | ४१.७५ | १,१६,५००.०० |
| १४२४९ अन्य दस्तुर | ४,००,०००.०० | ९,०१,७४२.४४ | २२५.४४ | (५,०१,७४२.४४) |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५०,०००.०० | २,१२,२२५.०० | ४२४.४५ | (१,६२,२२५.००) |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | ५०,०००.०० | ०.०० | ० | ५०,०००.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ५०,०००.०० | १०,०००.०० | २० | ४०,०००.०० |
| १४३१३ धरौटी सदरस्याहा | ५०,०००.०० | ०.०० | ० | ५०,०००.०० |
| १४५२९ अन्य राजस्व | १,००,०००.०० | ५२,०६७.०० | ५२.०७ | ४७,९३३.०० |
| १४६११ व्यवसाय कर | ८,००,०००.०० | ६६,०१५.०० | ८.२५ | ७,३३,९८५.०० |
| १५१११ बेरूजू | १,००,०००.०० | २,८१०.०० | २.८१ | ९७,१९०.०० |
| ३२१२२ बैंक मौज्दात | १०,९८,९५,०६७.०७ | १०,९८,९५,०६७.०७ | १०० | ०.०० |
| जम्मा | ६४,०१,६८,५३४.०७ | ५८,८९,१२,४१९.७६ | ९१.८७ | ५,२०,५६,११४.३१ |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ८,५०,०००.०० | ४,०६,६७४.०० | ४७.८४ | ४,४३,३२६.०० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ५,००,०००.०० | ३,१९,००१.०० | ६३.८ | १,८०,९९९.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ७३,३२,०६७.०७ | ६४,०८,०९३.०० | ८७.४ | ९,२३,९७४.०७ |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ९,००,०००.०० | ६,६०,५९६.०० | ७३.४ | २,३९,४०४.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १५,००,०००.०० | १५,०३,६७३.०० | १००.२४ | (३,६७३.००) |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | १,५०,०००.०० | १,०२,०००.०० | ६८ | ४८,०००.०० |
| २२४११ सेवा र परामर्श खर्च | ५,५०,०००.०० | ३,५३,१४५.०० | ६४.२ | १,९६,८५५.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १२,००,०००.०० | ५,३०,२५०.०० | ४४.१९ | ६,६९,७५०.०० |
| २२४१३ करार सेवा शुल्क | २,२७,८१,०३६.०० | १,९१,०९,९७४.०० | ८३.८९ | ३६,७१,०६२.०० |
| २२५११ कर्मचारी तालिम खर्च | ५,५०,०००.०० | ३,८४,१४५.०० | ६९.८४ | १,६५,८५५.०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ८,००,०००.०० | ६,४६,७५०.०० | ८०.८४ | १,५३,२५०.०० |
| २२५२२ कार्यक्रम खर्च | ६,८८,३४,९६४.०० | ४,७७,९६,०३३.०० | ६९.४४ | २,१०,३८,९३१.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | २४,९५,०००.०० | ७,३२,१८२.०० | २९.३५ | १७,६२,८१८.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ६,९५,०००.०० | ६,९२,०००.०० | ९९.५७ | ३,०००.०० |
| २२६१२ भ्रमण खर्च | १७,५०,०००.०० | १७,३३,११०.०० | ९९.०३ | १६,८९०.०० |
| २२७११ विविध खर्च | २७,४९,०००.०० | २४,५८,३३५.०० | ८९.४३ | २,९०,६६५.०० |
| २२७२१ सभा सञ्चालन खर्च | ७,००,०००.०० | ६,०५,०६५.०० | ८६.४४ | ९४,९३५.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | २१,६५,१३,०००.०० | २०,८५,५०,२७०.०० | ९६.३२ | ७९,६२,७३०.०० |
| २५३१२ स्वास्थ संस्थाहरूलाई | ४,००,०००.०० | ४,००,०००.०० | १०० | ०.०० |

भिमसेनथापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाङ्चोक, गोरखा
२०७३

# भीमसेनथापा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, गोरखा
कार्यालयको कोड : ८०४३६५०६३००

लोक प्रसाद बंजारा
अध्यक्ष

### आय व्ययको बिवरण

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८१/०३/३१

| आय | व्यय | | | | |
|---|---|---|---|---|---|
| | सहायता | | | | |
| | २५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता | १९,१५,०००.०० | १७,२७,३७०.०० | ९०.२ | १,८७,६३०.०० |
| | २५३१५ अन्य सस्था सहायता | ८,००,०००.०० | ७,९९,७३०.०० | ९९.९७ | २७०.०० |
| | २७११२ अन्य सामाजिक सुरक्षा | ५,००,०००.०० | ५,००,०००.०० | १०० | ०.०० |
| | २७२११ छात्रवृत्ति | ९,७४,०००.०० | ९,४२,५००.०० | ९६.७७ | ३१,५००.०० |
| | २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १०,००,०००.०० | ६,१०,६७४.०० | ६१.०७ | ३,८९,३२६.०० |
| | २७२१३ औषधीखरिद खर्च | १०,००,०००.०० | ९,९८,८८५.०० | ९९.८९ | १,११५.०० |
| | २७२१९ अन्य सामाजिक सहायता | ३,००,०००.०० | २,६९,९५७.०० | ८९.९९ | ३०,०४३.०० |
| | २८१४२ घरभाडा | ३,००,०००.०० | २,५२,०००.०० | ८४ | ४८,०००.०० |
| | २८१४३ सवारी साधन तथा मेशिनर ओजार भाडा | ५,००,०००.०० | ४,४७,३००.०० | ८९.४६ | ५२,७००.०० |
| | २८९११ भैपरी आउने चालु खर्च | ०.०० | ०.०० | ० | ०.०० |
| | पूंजीगत | २१,०९,६०,०००.०० | १४,६५,७४,८३४.३१ | ६९.४८ | ६,४३,८५,१६५.६९ |
| | ३१११२ गैर आवासीय भवन निर्माण/ खरिद | २,९५,००,०००.०० | १,६०,१३,९७०.०० | ५४.२८ | १,३४,८६,०३०.०० |
| | ३११२१ सवारी साधन | ३५,००,०००.०० | ३५,००,०००.०० | १०० | ०.०० |
| | ३११२२ मेशिनरी तथा औजार | १,५२,५०,०००.०० | १,१७,०३,३३२.०० | ७६.७३ | ३५,४६,६६८.०० |
| | ३११२३ फर्निचर तथा फिक्चर्स | १,५३,५०,०००.०० | ४६,२३,९८०.०० | ३०.१२ | १,०७,२६,०२०.०० |
| | ३११३१ पशुधन तथा बागवानी विकास खर्च | १,२४,००,०००.०० | ९१,९१,३९३.०० | ७४.१२ | ३२,०८,६०७.०० |
| | ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | १०,००,०००.०० | ७,९४,७३३.०० | ७९.४७ | २,०५,२६७.०० |
| | ३११३५ पूँजीगत परामर्श खर्च | ४९,००,०००.०० | ९,७८,६९३.०० | १९.९७ | ३९,२१,३०७.०० |
| | ३११५१ सडक तथा पूल निर्माण | ७,१८,५५,०००.०० | ५,३८,९३,७९३.३१ | ७५ | १,७९,६१,२०६.६९ |

Scanned with CamScanner

भीमसेनथापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गोरखा
कार्यालयको कोड : ८०४३६५०६३००

## आय व्ययको विवरण

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८१/०३/३१

| आय | व्यय | | | | |
|---|---|---|---|---|---|
| | ३११५४ तटबन्ध तथा बाँधनिर्माण | १०,००,०००.०० | ९,४५,४३६.०० | ९४.५४ | ५४,५६४.०० |
| | ३११५५ सिंचाई संरचना निर्माण | १९,२०,०००.०० | १७,६४,७०४.०० | ९१.९१ | १,५५,२९६.०० |
| | ३११५६ खानेपानी संरचना निर्माण | ८१,१०,०००.०० | ५७,१४,४८०.०० | ७०.४५ | २३,९५,५२०.०० |
| | ३११५७ वन तथा वातावरण संरक्षण | ३,००,०००.०० | ९९,८६३.०० | ३३.२९ | २,००,१३७.०० |
| | ३११५८ सरसफाई संरचना निर्माण | ७,५०,०००.०० | ७,३९,२३२.०० | ९८.५६ | १०,७६८.०० |
| | ३११५९ अन्य सार्वजनिक निर्माण | ४,५१,२५,०००.०० | ३,६६,११,२२५.०० | ८१.१३ | ८५,१३,७७५.०० |
| | जम्मा | ६४,०९,६८,५३४.०७ | ५२,४२,१४,२३२.०३ | ८१.७८ | ११,६७,५४,३०२.०४ |

लोक प्रसाद बंजार
अध्यक्ष

Scanned with CamScanner

भिमसेनथापा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बाउ्चौक, गोरखा
२०७३

४. प्रस्ताव नं. ०४ माथि छलफल हुँदा, गोरखा जिल्लाको जिल्ला स्तरिय दररेट निर्धारण समितिबाट चालु आ.व २०८१/०८२ को लागि पारित भई प्राप्त भएको जिल्ला दररेटलाई यस भिमसेनथापा गाउँपालिकाको आ.व २०८१/०८२ को दररेट मानी सोही बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं. ५ माथि छलफल हुँदा, सुशासन(व्यवस्थापन तथा सञ्चालन ऐन), २०६४ निजामति सेवा ऐन,२०४९, तथा नियमावली २०५०, स्थानिय सरकार सञ्चालन ऐन,२०७४ र नेपाल सरकार प्रदेश सरकार र गाउँपालिकाबाट जारी निर्देशन एवं परिपत्रमा उल्लेखित प्रावधान बमोजिम भिमसेनथापा गाउँपालिकाबाट चालु आ.व २०८१/०८२ मा प्रदान गरिने सेवा प्रवाहलाई थप प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नका लागि भिमसेनथापा गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित विषयगत शाखा/उपशाखाका प्रमुखहरु तथा वडा सचिवहरु विच कार्य सम्पादन करार सम्झौता गरि यथाशिघ्र सोही अनूरुप कार्यान्वयन गरि परिणाम निकाल्ने निर्णय गरियो।

६. प्रस्ताव नं. ०६ माथि छलफल हुँदा, भिमसेनथापा गाउँपालिकामा विगतका आर्थिक बर्षहरु देखि संचालनमा आएका सफ्टवेयरहरु नियमानुसार नविकरण गरी निरन्तर सञ्चालनमा ल्याउनुपर्ने भएको हुँदा तपसिल बमोजिमका सफ्टवेयरहरु नविकरण गरी सोही मार्फत कार्यसञ्चालन गर्ने तथा योजना सफ्टवेयरमा प्रयोग भएको डिजिटल हस्ताक्षरलाई स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिलः-

- योजना सफ्टवेयर,
- दर्ता/चलानी सफ्टवेयर,
- न्यायिक समिति सम्बन्धी सफ्टवेयर,
- सवारी साधनहरुको जि.पि.स(GPS) प्रणाली,

७. प्रस्ताव नं. ०७ माथि छलफल हुँदा, यहि मिति २०८१/०४/०९ गते भिमसेन थापाको २५० औ जन्मजन्यतीका अवसरमा भिमसेनथापा गाउँपालिका वडा नं. ०८ स्थित चण्डीथोकमा अवस्थित भिमसेन थापाको शालिकमा माल्यार्पण एवं श्रद्धाञ्जली सम्मानको कार्यक्रम आयोजना गरिएकोमा उक्त कार्यक्रम संचालनका क्रममा खाजा/खाना तथा पन्चेबाजा बाजाए बापत खर्च भएको रकम भुक्तानीका लागि वडा नं. ०८ कार्यालयको मिति २०८१/०४/१३, च.न २५ को पत्रबाट रु १४,७२५।-(अक्षरुपी रु चौध हजार सात सय पच्चिस रुपैया मात्र) खर्चको विल सहित भुक्तानी



नोक प्रसाद बंजार
अध्यक्ष

Scanned with CamScanner

माग भएको हुँदा खर्च भएको रकम चालु आर्थिक बर्ष २०८१/०८२ को बार्षिक बजेट योजना तथा कार्यक्रमको बजेट खर्च शिर्षक नं. २२५२२ मा मेला, महोत्सब, समरोह दिवस जयन्ती तर्फ विनियोजन भएको बजेटबाट वडा सचिव श्री कमल पौडेलको नाममा शोधभर्ना उपलब्ध गराउने निर्णय गरियो।

८. प्रस्ताव नं. ८ माथि छलफल हुंदा, वडा कार्यालय सञ्चालन तथा व्यववस्थापन कार्यलाई सहज बनाउनको लागि मिति २०८१ श्रावण ०१ गते देखि लागू हुने गरी २०८२ आषाढ मसान्त सम्मका लागि मासिक रुपमा वडा सञ्चालन खर्चलाई वडा कार्यालय संचालन तथा व्यवस्थापन शिर्षक तर्फ शिर्षकमा विनियोजन भएको बजेटबाट हरेक महिना भएको खर्चलाई मासिकको रुपमा वडा समितिको बैठकबाट अनुमोदन गरी चौमासिक भुक्तानी दिने गरी देहाय बमोजिम खर्च स्वीकृत गर्ने निर्णय गरियो।

तपसिलः-

| क्र.स | खर्च शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | विभिन्न बैठक तथा कार्यक्रमको खाजा खाना खर्च | रु ९,५००।- | |
| २ | दैनिक भ्रमण भत्ता | रु ४ ,५००।- | |
| ३ | सञ्चार खर्च | रु ५००।- | |
| ४ | कार्यालय सामाग्री खरिद(खर्च भएर जाने) | रु ४,५००।- | |
| ५ | मेशिन तथा औजार उपकरण मर्मत तथा सञ्चालन खर्च | रु १,५००।- | |
| ६ | इन्धन खर्च | रु २,०००।- | |
| ७ | पानी, विधुत महशुल तथा इन्टरनेट | रु ३,०००।- | |
| | जम्मा | २५,५००।-(अक्षरुपी रु पच्चिस हजार पाँच सय रुपैया मात्र | |

९. प्रस्ताव नं. ०९ माथि छलफल हुंदा, भिमसेनथापा गाउँपालिका क्षेत्र भित्रका रही शान्ति सुरक्षा तथा सुव्यवस्था कायम गर्ने कार्यमा खटिई आएका २ वटा प्रहरी चौकीलाई विगत आ.व देखि नै मासिक रु ३ हजारका दरले व्यवस्थापन खर्च उपलब्ध गराउँदै आएकोले चालु आ.वका लागि उक्त खर्च व्यवस्थापन गर्न चालु आ.व २०८१/०८२ मा गा.पा भित्रका प्रहरी चौकी सचालन तथा व्यवस्थापन शिर्षकमा विनियोजन भएको बजेटबाट २ वटा प्रहरी चौकीलाई मासिक रु ३ हजार



लोक प्रसाद बंजारा
अध्यक्ष

CamScanner

रुपैयाँ सचालन तथा व्यवस्थापन खर्च तथा प्रति महिना १०/१० लिटर इन्धन उपलब्ध गराउने निर्णय गरियो।

१०. प्रस्ताव नं. १० माथि छलफल हुँदा, भिमसेनथापा गाउँपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा चालु आर्थिक वर्षमा मेकानिकल सम्बन्धी कार्य गर्न प्राविधिक जनशक्ति अभाव रहेकोले यस सम्बन्धी कार्यको स्पेशिफिकेशन तयार गर्ने, लागत अनुमान तयार गर्ने, प्राविधिक निरिक्षण गर्ने, प्राविधिक निरिक्षण प्रतिवेदन तयार गर्ने, मर्मत कार्य गर्ने आवश्यक लागत अनुमान तयार गर्ने र मेकानिकल सम्बन्धी अन्य विविध कार्य गर्न र कार्य क्षेत्रगत शर्त अनुसारको सम्झौता बमोजिमको कार्य गर्न चालु आ.व.मा यस कार्यालयमा सुचिकृत परामर्शदातासँग मिति २०८१ श्रावण देखि लागू हुने गरि मिति २०८१ पौष मसान्त सम्मको चालु आ.ब २०८१/०८२ को बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत परामर्श सेवा तर्फ विनियोजन भएको बजेटबाट नियमानुसार परामर्श सेवा खरिद गरी कार्य गराउने निर्णय गरियो।

११. प्रस्ताव नं. ११ माथि छलफल हुँदा, यस गाउँपालिका अन्तर्गत सहिद स्मृती आधारभुत अस्पतालबाट २४ घण्टे स्वास्थ्य सेवा प्रदान गर्दे आएकोमा २४ घण्टा स्वास्थ्य सेवा प्रवाहमा खटिने अस्पतालको मेडिकल अधिकृतलाई मासिक आधारभूत तलबमानमा थप ५० प्रतिशत सुविधा मिति २०८१ श्रावण देखि लागू हुने गरी थप सुविधा बापत चालु आ.ब २०८१/०८२ को बार्षिक बजेट योजना तथा कार्यक्रमको करार सेवा शुल्क(करार सेवाका कर्मचारीहरुको तलब चाडपर्व, अतिरिक्त भत्ता तथा पोषाक भत्ता) शिर्षकमा विनियोजन भएको बजेटबाट नियमानुसार करकट्टी गरी प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय गरियो। साथै मेडिकल अधिकृतलाई मासिक रुपमा अन्य वडामा रहेको आधारभूत स्वास्थ्य सेवा केन्द्र र स्वास्थ्य चौकीहरुमा घुम्ति सेवा प्रदानका लागि परिचालन गर्ने र सो कार्यमा खटिए बापत मेडिकल अधिकृतलाई दैनिक रु १ हजार ६ सय रुपैया र एक जना सहयोगीलाई रु १ हजार रुपैया चालु आ.व २०८१/०८२ को बार्षिक बजेट योजना तथा कार्यक्रम अन्तर्गत चिकित्सक मार्फत हरेक वडामा मासिक रुपमा स्याटलाईन क्लिनिक संचालन शिर्षकमा विनियोजन भएको बजेटबाट उपलब्ध गराउने निर्णय गरियो।

प्रस्ताव नं. १२ माथि छलफल हुँदा, भिमसेनथापा गाउँपालिकाको चालु आ.व २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम र बजेटबाट विषयगत क्षेत्रमा विनियोजन भएको बजेट तथा कार्यक्रममा उल्लेखित विषयक्षेत्र अनुसारको कार्यक्रम र देहाय बमोजिमको कार्ययोजना प्रचलित कानुनले निर्दिष्ट गरे बमोजिम कार्ययोजना सहित बार्षिक बजेट योजना तथा कार्यक्रमलाई यथाशिघ्र कार्यान्वयनको प्रकियमा अगाडि बढाउने निर्णय गरियो।

तपसिल:-



नोक प्रसाद बंजा
अध्यक्ष

CamScanner

भिमसेनथापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाङ्चोक, गोरखा

# वार्षिक कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | मुख्य जिम्मेवारी | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पुष | माघ | फाल्गुन | चैत्र | वैशाख | जेठ | आषाढ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | |
| १ | दर रेट विश्लेषण तथा प्रविष्टि | पुर्वाधार शाखा | | | | | | | | | | | | | |
| २ | योजना सफ्टवेयरमा आयोजना प्रविष्टि | योजना शाखा | | | | | | | | | | | | | |
| ३ | टेंडा मार्फत सञ्चालित आयोजनाको फिल्ड सर्भे | पुर्वाधार शाखा | | | | | | | | | | | | | |
| ४ | खरिद/योजना सफ्टवेयर सम्बन्धि तालिम | योजना शाखा | | | | | | | | | | | | | |
| ५ | टेंडा मार्फत सञ्चालित आयोजनाको ल.ई. तयारी | सम्बन्धित प्राविधिक | | | | | | | | | | | | | |
| ६ | टेंडा आव्हान सूचना प्रकाशन | पुर्वाधार शाखा | | | | | | | | | | | | | |
| ७ | खरिद/योजना सफ्टवेयर सम्बन्धि तालिम | योजना शाखा | | | | | | | | | | | | | |
| ८ | उ.स. गठन, दर्ता तथा सफ्टवेयरमा कागजपत्र प्रविष्टि | सम्बन्धित वडा | | | | | | | | | | | | | |
| ९ | उ.स. मार्फत सञ्चालित आयोजनाको फिल्ड सर्भे ल.ई. तयारी र सम्झौता | सम्बन्धित प्राविधिक | | | | | | | | | | | | | |
| १० | उपभोक्ता अभिमुखिकरण कार्यक्रम सञ्चालन | योजना शाखा | | | | | | | | | | | | | |
| ११ | टेंडा प्रकिया तथा टेंडा सम्झौता र कार्यादेश | पुर्वाधार शाखा | | | | | | | | | | | | | |
| १२ | आयोजना कार्यान्वयन तथा ५०% आयोजना सम्पन्न | सम्बन्धित वडा | | | | | | | | | | | | | |
| १३ | आयोजना अनुगमन | योजना शाखा | | | | | | | | | | | | | |
| १४ | ५०% आयोजनाको भुक्तानी | आर्थिक प्रशासन शाखा | | | | | | | | | | | | | |
| १५ | हिउँद अधिवेशनको आयोजना सफ्टवेयरमा प्रविष्टि | योजना शाखा | | | | | | | | | | | | | |
| १६ | उ.स. गठन, दर्ता तथा सफ्टवेयरमा कागजपत्र प्रविष्टि | सम्बन्धित वडा | | | | | | | | | | | | | |
| १७ | हिउँद सभाका आयोजना सम्झौता | सम्बन्धित प्राविधिक | | | | | | | | | | | | | |
| १८ | १००% आयोजना निर्माण सम्पन्न | सम्बन्धित वडा | | | | | | | | | | | | | |
| १९ | आयोजना अनुगमन | योजना शाखा | | | | | | | | | | | | | |
| २० | ५०% आयोजनाको भुक्तानी | आर्थिक प्रशासन शाखा | | | | | | | | | | | | | |
| २१ | आगामी आ.व. नीति, बजेट तथा कार्यक्रमको तयारी | | | | | | | | | | | | | | |
| २२ | समिक्षा तथा आगामी आ.व.को कार्ययोजना तयारी | | | | | | | | | | | | | | |

नोट:

पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखाको मासिक समिक्षा तथा नियमित बैठक हरेक महिनाको ३ गते आयोजना गरिने छ ।सो दिन सार्वजनिक बिदा पर्न गएमा कार्यलय खुलेपछिको दिन बैठक सञ्चालन गरिने छ ।

भिमसेनथापा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाङ्चोक, गोरखा २०७३

लोक प्रसाद बंजारा
अध्यक्ष

प्रस्ताव नं. १३ माथि छलफल हुँदा, भिमसेनथापा गाउँपालिकामा मेलमिलाप कर्ताको रुपमा सूचिकृत भई ८ वटै वडामा मेलमिलाप सम्बन्धी कार्य गर्दै आएका मेलमिलापकर्ताहरु न्याय सम्पादन गरे बापत १ महिनाको १ वटा बैठकका दरले हुने गरी बढीमा बार्षिक १२ वटा बैठकको भत्ता रकम मेलमिलापकर्ताहरुलाई र व्यवस्थापनमा खटिने १ जना कर्मचारीलाई जनही रु ५००।-(अक्षरुपी रु पाँच सय रुपैया मात्र) उपलब्ध गराउने निर्णय गरियो।

प्रस्ताव नं. १४ माथि छलफल हुँदा, भिमसेनथापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, शाखा कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य सस्थाहरुबाट सचालन हुने विकास आयोजना, दैनिक सेवा प्रवाह तथा जनता सँग प्रत्यक्ष सरोकार राख्ने विषयसँग सम्बन्धित सुझाव, प्रत्यक्ष भेटघाट तथा अनलाईन मार्फत प्राप्त राय प्रतिक्रिया तथा सुधारका पक्षहरुमा गम्भिर भई आगामी दिनहरुमा सो सेवा प्रवाहमालाई थप सुधार र परिष्कृत पालिकालाई ग्रेट, स्मार्ट हरियाली, स्वच्छ, स्मृद्ध, समाजबाद उन्मुख नमुना गाउँपालिका बनाउँदै नागरिकहरुलाई गाउँ टोल घर-घरमा स्थानिय सरकारको अनुभूति/प्रत्याभूति गराउने निर्णय गरियो।

प्रस्ताव नं. १५ माथि छलफल हुँदा, गण्डकी प्रदेश स्थानिय सेवा (गठन तथा संचालन) नियमावली, २०८० नियम १२५ मा सट्टा विदा सम्बन्धी उल्लेख भएको व्यवस्था बमोजिम यस पालिका अन्तर्गत २४ घण्टे कामकाजमा खटिने कर्मचारीहरु (सहिद स्मृति आधारभूत अस्पतालमा कार्यरत कर्मचारी तथा नगर प्रहरी कर्मचारीहरु) लाई नियमावली नियम १२५ बमोजिम २०८१ श्रावण महिना देखि लागू हुने गरी सट्टा विदा दिने निर्णय गरियो।

प्रस्ताव नं. १६ माथि छलफल हुँदा, सहिद स्मृति आधारभूत अस्पतालमा संचालित २४ घण्टे स्वास्थ्य सेवामा खटिने पारामेडिक्स र नर्सिङ्ग कर्मचारीहरुलाई रात्रिकालिन ड्युटीमा खटिए बापत दैनिक रु ४००।-(अक्षरुपी रु चार सय रुपैया मात्र) र कार्यालय सहयोगीलाई रु ३००।-(अक्षरुपी रु तिन सय रुपैया मात्र) भिमसेनथापा गाउँपालिकाको चालु आर्थिक बर्ष २०८१/०८२ को स्वास्थ्य शाखा तर्फको अस्पतालमा आकस्मिक तथा रात्रीकालिन सेवा संचालन शिर्षकमा विनियोजन भएको बजेटबाट उपलब्ध गराउने निर्णय गरियो।

प्रस्ताव नं. १७ माथि छलफल हुँदा, चालु आर्थिक बर्षमा संचालन हुने तपसिल बमोजिमका कार्यक्रमहरु चालु आर्थिक बर्ष २०८१/०८२ मा संघीय सरकारबाट विशेष अनुदानमा हस्तान्तरित आमा बालबालिका तथा किशोर किशोरी पोषण सुधार आयोजना तर्फ विनियोजन भएको बजेट रु ७५ लाखबाट खर्च तथा भुक्तानी हुने गरी संचालन गर्ने निर्णय गरियो।



लोक प्रसाद बंजारा
अध्यक्ष

Scanned with CamScanner

भिमसेनथापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाज्योक, गोरखा
२०७३

<u>तपसिलः-</u>

१. गा.पा उपाध्यक्ष गर्भवती तथा सुत्केरी पोषण कार्यक्रम

२. बृद्धि अनुगमन प्रवद्धन कार्यक्रम

३. १००० दिनका आमाहरुको जिवनका महत्वपूर्ण अवसर मनाउने कार्यक्रम

प्रस्ताव नं. १८ माथि छलफल हुँदा, यस पालिका अन्तर्गत वडा नं. ०१ को भवन निर्माण गर्न आवश्यक पर्ने जग्गा भिमसेनथापा गाउँपालिका वडा नं. ०१(साविक मसेल गा.वि.स वडा नं. ०५) निवासी श्री ईश्वर कुमार श्रेष्ठ(ना.प्र.न २(७) १६) ले निजको नाममा रहेको भिमसेनथापा गाउँपालिका वडा नं. ०१(साविक मसेल गा.वि.स वडा नं.०५) कि.नं. १०८५, क्षेत्रफल ०-१२-३-२ को जग्गा यस गाउँपालिकाको नाममा निःशुल्क दान बकस दिन मन्जुर रहेको हुँदा सोको प्राप्तीको लागि आवश्यक प्रकिया अगाडी बढाउनका लागि भिमसेनथापा गाउँपालिका वडा नं. ०१ को च.नं. ११, मिति २०८१/०४/०७ गतेको पत्रबाट लेखि आएको हुँदा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनिति, २०७९ बमोजिम जग्गा प्राप्तीको लागि आवश्यक प्रकिया अगाडी बढाउने निर्णय गरियो।

प्रस्ताव नं. १९ माथि छलफल हुँदा, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश पोखराको च.न.८५, मितिः २०८१/०४/११ गतेको <u>माग तथा प्रतिवद्धता</u> सम्बन्धी प्राप्त पत्रको व्यहोरा अवगत भयो । सो सम्बन्धमा यस भिमसेनथापा गाउँपालिकामा पनि न्यायिक सहजकर्ताको आवश्यकता देखिएको हुँदा न्यायिक सहजकर्ताको लागि आवश्यक पर्ने पारिश्रमिक बराबरको १५ देखि २५ प्रतिशत हुन आउने रकम यस गाउँपालिकाले चालु आ.व २०८१/०८२ को बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत <u>करार सेवा शुल्क(करार सेवाका कर्मचारीहरुको तलब चाडपर्व, अतिरिक्त भत्ता तथा पोषक भत्ता)</u> तर्फ विनियोजन भएको बजेटमा खर्चको लेखाङ्कन गर्ने गरी न्यायिक सहजकर्ता माग गर्ने तथा पारिश्रमिक बापतको १५ देखि २५ प्रतिशतको रकम यस गाउँपालिकाले व्यहोर्ने प्रतिबद्धता व्यक्त गर्दै मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेश पोखरालाई पत्राचार गर्ने निर्णय गरियो।

प्रस्ताव नं. २० माथि छलफल हुँदा, यस गाउँपालिकाको त्रिवर्षिय शिक्षा योजना- २०८१/८२-२०८३/८४ निर्माण गर्ने प्रयोजनका लागि देहाय बमोजिमको एक ५ सदस्यीय शिक्षा योजना निर्माण सिफारिस समिति गठन गरी २०८१ श्रावण मसान्त भित्र कार्य सम्पन्न गर्ने गरी कायदिश दिने निर्णय गरियो।



लोक प्रसाद बंजार
अध्यक्ष

Scanned with CamScanner

तपसिलः-

- श्री नारायण श्रेष्ठ (सामाजिक विकास समिति संयोजक) - संयोजक
- श्री कल्पना तिमिल्सिना (मावि शिक्षक श्री संस्कृत मावि, तान्द्राङ) - सदस्य
- श्री भुमी गोतामे (अध्यक्ष, गाउँपालिका शिक्षक महासंघ) - सदस्य
- श्री श्रीकृष्ण आचार्य (ध्रुवज्योति आवि अश्राङ्ग) - सदस्य
- श्री यान बहादुर नेपाली(शिक्षा अधिकृत) - सदस्य सचिव

प्रस्ताव नं. २१ माथि छलफल हुँदा, यस पालिकाको शिक्षा ऐन २०७७ लाई समसामयिक रुपमा त्यसका दफा, उपदफाहरुमा विस्तृत संशोधन गरि कार्यान्वयन गर्न सहजताका लागि शिक्षा ऐन (पहिलो संशोधन), २०८१ का लागि सामाजिक विकास समितिको सिफारिस अनुसार देहाय बमोजिमको एक ५ सदस्यीय शिक्षा ऐन संशोधन सिफारिस समिति गठन गरि कार्य अघि बढाउने निर्णय गरियो।

तपसिलः-

- श्री होम बहादुर बरामु(संयोजक विधायन समिति) - संयोजक,
- श्री नारायण श्रेष्ठ(संयोजक सामाजिक विकास समिति) - सदस्य,
- श्री नारायण प्रसाद भट्टराई (संयोजक पूर्व सामाजिका विकास समिति) - सदस्य
- श्री भुमी गोतामे(अध्यक्ष, गाउँपालिका शिक्षक महासंघ) - सदस्य
- श्री यान बहादुर नेपाली(शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख) - सदस्य सचिव

प्रस्ताव नं. २२ माथि छलफल हुँदा, यस पालिकाले खरिद गरेको प्राङ्गारिक मल बनाउने मेशिन संचालन गर्नका लागि ३ फ्रेज लाईनको आवश्यक पर्ने हुँदा सोको जडानका लागि नेपाल विद्युत प्राधिकरण, गोरखा वितरण केन्द्र गोरखालाई अनुरोध गर्ने निर्णय गरियो।

प्रस्ताव नं. २३ माथि छलफल हुँदा, भिमसेनथापा गाउँपालिका वडा नं. ०७ र शहिद लखन गाउँपालिका वडा नं. ०८ जोड्ने ज्यादुल खोलामा प्रदेश सरकारबाट निर्मित कल्भटलाई मिति २०८१/०३/२७ गते रातिको बर्षासँगै आएको बाढीले पूर्ण रुपमा क्षति गराएको हुँदा उक्त कल्भट निर्माणका क्रममा प्रयोग भएको निर्माणजन्य सामाग्री (ह्युम पाइप) यथास्थितिमा छोड्दा सम्भावित विपदबाट थप क्षति हुने देखिएको हुँदा कल्भट निर्माणका क्रममा प्रयोग भएको ह्युम पाइपलाई सम्भव भएसम्म सुरक्षित निकालेर



लोक प्रसाद बंजारा
अध्यक्ष

बुर्लङ्गखोलामा व्यवस्थापन गर्ने गरी उक्त स्थानमै पक्कि पुल निर्माणका लागि सम्वन्धित निकायमा पत्रचार गर्ने निर्णय गरियो।

प्रस्ताव नं. २४ माथि छलफल हुँदा, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०५९ को दफा ६० उपदफा (१) मा सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले र त्यस पछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६०(साठी) दिन भित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्ति स्रोत वा निस्सा सहितको अध्यवधिक विवरण पेश गर्नुपर्ने कानुनी व्यवस्था बमोजिम सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी तथा शिक्षक कर्मचारीहरुलाई यही श्रावण मसान्त भित्र अनिवार्य पेश गर्न निर्देशन दिने निर्णय गरियो।

प्रस्ताव नं. २५ माथि छलफल हुँदा, मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखराबाट मिति २०८१/०४/१३ मा प्रकाशित मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना अनुसार तोकिएको समयावधी भित्र कार्यविधिमा उल्लेख भए बमोजिम यस गाउँपालिकाबाट बाझो जमिनमा फुल खेती कार्यक्रम प्रस्ताव पेश गर्ने र सोका लागि सम्वन्धित शाखाहरुबाट कार्यक्रम प्रस्तावना तयार पार्ने साथै उक्त कार्यक्रमको कार्यविधि २०८१ को दफा २५ (ग) अनुसार (कूल लागतको कम्तीमा २५ प्रतिशत रकम) लागत साझेदारीमा परियोजना कार्यान्वयन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. २६ माथि छलफल हुँदा, भिमसेनथापा गाउँपालिका भित्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको EFT असफल भई रकम निकासा नभएको हुँदा सामाजिक सुरक्षा भत्ता छुट भएका तपसिल बमोजिमका लाभग्राहीको सामाजिक सुरक्षा भत्ता बापतको रकम निकासाका लागि सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो।

तपिसल



Scanned with CamScanner

EFT Payment Report

Report generated on: 2081-05-18 10:32:13 AM

| S.No. | EFT. No. | Ward No. | Category | Personal ID | Beneficiary's Name | Account Holder's Name | Bank | Branch Code | Bank Account Number | Payment Status | Transaction Amount | Transaction Date | Message |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 18103600140695 | 2 | Senior citizen's allowance-Others | 2012031702239 | Khagewoshor Bhatta | KHAGEWOSHOR BHATTA | 174- BHIMSEN, NEPAL INVESTMENT MEGA BANK | 11004219 | 17405250251938 | Reject | 12000 | :: | Account name does not match |
| 2 | 18103600139842 | 7 | Senior citizen's allowance-Others | 2009021001499 | Sane Rimal | SANE SARKI | 174- BHIMSEN, NEPAL INVESTMENT MEGA BANK | 11004219 | 17405250013086 | Reject | 12000 | :: | Account name does not match |
| 3 | 18103600171387 | 8 | Senior citizen's allowance-Others | 2012030507753 | Bhagabati Sapkota | BHAGWATI SAPKOTA | 174- BHIMSEN, NEPAL INVESTMENT MEGA BANK | 11004219 | 17405250252409 | Reject | 12000 | :: | Account name does not match |
| 4 | 18103600168982 | 8 | Senior citizen's allowance-Others | 2012030507753 | Bhagabati Sapkota | BHAGABATI SAPKOTA | 174- BHIMSEN, NEPAL INVESTMENT MEGA BANK | 11004219 | 17405250252409 | Reject | 12000 | :: | Account name does not match |
| 5 | 18103600141126 | 8 | Senior citizen's allowance-Others | 2010040513639 | Juthe Kumal | JHUTE KUMAL | 174- BHIMSEN, NEPAL INVESTMENT MEGA BANK | 11004219 | 17405250252423 | Reject | 12000 | :: | Account name does not match |
| 6 | 18103600139721 | 8 | Senior citizen's allowance-Others | 2012030507753 | Bhagabati Sapkota | BHAGWATI SAPKOTA | 174- BHIMSEN, NEPAL INVESTMENT MEGA BANK | 11004219 | 17405250252409 | Reject | 12000 | :: | Account name does not match |

Scanned with CamScanner

अन्त्यमा, बैठकमा सहभागी कार्यपालिका सदस्य, शाखा प्रमुखहरुको हार्दिक सहयोग र सक्रिय सहभागीताका वीच बैठक सौहाद्रपूर्ण तरिकाले सम्पन्न भएकोमा खुसी व्यक्त गर्दे बार्षिक नीति कार्यक्रम र बजेटलाई मार्गदर्शन मान्दै गरिएका अत्यावश्यक निर्णयहरुको कार्यान्वयनमा एकरुपता कायम गर्न सबैसँग हार्दिक अनुरोध गरि सबैमा आभार सहित धन्यबाद ज्ञापन गरि अध्यक्षबाट बैठकको समापन गरियो।